**मिति २०८२।०९।०६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को सातौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैडाकोट नगरपालिकाको नगर सभाको १८ औं अधिवेशन (बैठक) मिति २०८२ पौष २० गते आईतबारका दिन विहान ११.०० बजे नगर कार्यपालिका कार्यालयको सभा हलमा गर्ने निर्णय गरियो।

**निर्णय नं. २** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८२/०८३ को लागि नगर क्षेत्र भित्रका निजि जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन कार्य गर्न Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट-१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको तपशिलको निजि जग्गाहरुको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनहरु स्वीकृत गर्ने, साथै सम्बन्धित वडाहरुसंग आवश्यक समन्वय गरी,वडा समितिको सिफारिस र तोकिएका स्थानहरुको स्थानीयबासीको समेत सहमति गरी चालू आ.व.मा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दररेट बमोजिमको राजश्व यस नगरपालिकाको खातामा दाखिला गरी देहाय बमोजिमको जग्गाबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन गर्न अनुमति दिने साथै उक्त कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा,गिट्टी,बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट अनुगमन समेत गर्ने निर्णय गरियो।

**तपशिल:**

| क्र.सं. | स्थान र क्षेत्रफल | जग्गा धनीको नाम | स्थान |
|---|---|---|---|
| १ | साविक कोटथर ६ ( कि. नं. ८३) क्षेत्रफल १०-५-२-१ जग्गा बाट ३५५३ घनमिटर ढुंगा | बखान सिंग आलेमगर | गैंडाकोट-१८ |

**निर्णय नं. ३** गैंडाकोट नगर क्षेत्र भित्र ठेला/ ई-रिक्सा लगायतका सवारी साधनहरुको प्रयोग गरी विहान बेलुकाको समयमा विभिन्न प्रकारका सामाग्रीहरु बिक्री गर्ने प्रयोजनका लागि नगर भित्रका सडकहरुमा चर्को आवाजमा स्पिकरहरु बजाएर उत्पन्न भएको वातावरणीय प्रदुषणलाई न्यूनीकरण सहित सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्न, उक्त व्यवसायहरुलाई उचित व्यवस्थापन गर्न आर्थिक विकास समितिलाई १५ दिनको समय दिई प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका र भरतपुर महानगरपालिका जोड्ने नारायणी नदीमा निर्माणाधिन मोटरेवल पुल निर्माणका लागि नदीको पानी डाईभर्सन गर्न आवश्यक नदीजन्य पदार्थ संकलन तथा उपयोग गर्न आयोजनाले निर्माण ब्यबसायी तुंदी कन्स्ट्रक्सन प्रा.लि. सानेपा ललितपुरलाई अनुमती प्रदान गर्न संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन भरतपुर कार्यालयबाट मिति २०८२/०८/२२ च.नं २५२ र मिति २०८२/०८/२९ च.न. २४३ को पत्रबाट अनुरोध भई आएको सम्बन्धमा गैंडाकोट नगरपालिकाले सो कार्यका लागी आबश्यक नदिजन्य पदार्थ डाईभर्सनमा ( गैह व्यबसायीक) उपयोग गरी कार्य सम्पन्न भए पश्चात पुनः नदीमा नै ब्यबस्थापन हुने सुनिश्चितताका लागि संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन भरतपुर,चितवन कार्यालयबाट नियमन तथा अनुगमन गर्ने गरी अनुमति प्रदान गर्ने र सो कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा,गिट्टी,बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट समेत अनुगमन गर्ने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ५** नेपाल सरकार, सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, सघन सहरी तथा भवन निर्माण आयोजना चितवनको च नं. ३०५ मिति २०८२/०७/२५ गतेको निर्माण सामग्री उत्पादन तथा ढुवानी सहजीकरण सम्बन्धि पत्रानुसार निर्माणाधीन नवलपुर नमुना सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवं सम्बन्धित अन्य पूर्वाधार निर्माण कार्यको लागि आवस्यक निर्माण सामग्री Aggregate, sand.dust उत्पादन तथा ढुवानीको लागि आयोजना अबधिभरका लागि गैंडाकोट नगरपालिका वडा नं.७ स्थित श्री रणनीति कन्स्ट्रक्सन प्रा.लि. बाट नमुना सदरमुकामको निर्माण ठेका पाएको निर्माण कम्पनी सम्नान्तर/बुद्ध हिमाली जे.भी.का लागि हाल २० हजार घन मि. Aggregate, २० हजार घन.मि. Sand, र २ हजार घन. मि. Stone dust नियमानुसार लाग्ने राजश्व लिई गैंडाकोट नगरपालिकाले नारायणी नदी किनारमा डम्पिंग गरेर राखेको नदीजन्य पदार्थ उपलब्ध गराउने साथै गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट सोको अनुगमन समेत गराउने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. १४ स्थित भागर क्षेत्रका निजी व्यक्तिहरुको जग्गाबाट ढुंगा, माटो लगायतका पदार्थहरु उत्खनन गरी निकासी हुने क्रममा प्रयोग हुने मार्ग गैडाकोट वडा नं. १३ स्थित वेल्डिया बजार देखि पुलसम्मको भित्री बाटोलाई पुनःनिर्माण गर्ने साथै सो स्थानबाट उत्खनन भएको ढुंगा नारायणी नदी तटबन्धन आयोजनामा मात्र प्रयोग गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.७** यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत दमकल (4WD) खरिद सम्बन्धि (ठेक्का नं.02/Goods/NCB/GM/081/082) यस कार्यालयबाट प्रकाशित मिति २०८१/०९/२५ गतेको सूचना बमोजिम रित पुर्बक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (२) को बमोजिम सारभूत रुपमा प्रभावग्राही न्युनतम मुल्यांकित श्री Spark Automotives Pvt. Ltd., Tindharama Marga, Kathmandu ले पेश गरेको बोलपत्र, मिति २०८१/११/११ को निर्णय अनुसार छनौट भई मिति २०८१/११/२१ मा यस कार्यालय र उल्लेखित फर्म बीच सम्झौताको मितिले ९० दिन भित्र दमकल उपलब्ध गराउने सम्झौता भएकोमा, दमकल जस्तो अत्याबश्यक सेवा अन्तर्गतको साधन सम्झौतामा तोकेको समयमा नै उपलब्ध होस् भन्ने कार्यपालिका धारणा हुँदै गर्दा आपूर्तिकर्ताबाट मिति २०८१/०१/२३ गते कार्यालयमा बिबिध कारण देखाई असार मसान्तसम्म म्याद थप गर्न माग गरेको, सार्वजनिक खरिद ऐन-२०६३ को दफा-५६ बमोजिम मिति २०८२/०१/२३ को नगर प्रमुखस्तरीय निर्णय बमोजिम २०८२ असार २५ सम्म तोकिएको कार्य सम्पन्न गर्ने गरी म्याद थप गरिएकोमा २०८२/०३/२३ गतेको बाढीले रसुवागढी नाकामा पुल लगायत सडक संरचना क्षति हुँदा थप गरिएको म्याद भित्र समेत दमकल कार्यालयलाई आपूर्ति हुने अवस्था नभएको भनि मिति २०८२/०३/२४ गते आपूर्तिकर्ताले दिएको निबेदन उपर छलफल गर्दा काबु बाहिरको परिस्थिति उत्पन्न भएकोले सार्वजनिक खरिद ऐन-२०६३ को दफा-५६ बमोजिम रसुवागढी नाकामा पुल लगायत सडक संरचना (सहज आवगमन) संचालनमा आएको १५ दिन भित्र सम्झौता बमोजिमको दमकल, कार्यालयलाई थप आर्थिक भार नपर्ने गरी उपलब्ध गराउने गरी म्याद थप गरिएको सन्दर्भमा, नेपाल सरकारको पहलमा सुरक्षा, स्वास्थ्य तथा अत्याबश्यक साधन र उपकरण बैकल्पिक मार्ग प्रयोग गरी उल्लेखित प्रा.लि.ले यस नगर पालिकाको दमकल आपूर्ति मिति २०८२/०८/१६ मा नगरपालिकालाई पुलको (सहज आवगमन) संचालन नहुँदै हस्तान्तरण गरेकोले मिति २०८२/०१/२३ नगरप्रमुख स्तरीय निर्णय र मिति २०८१/०३/२५ को यस नगरकार्यपालिकाको निर्णय समेतका आधारमा मिति २०८१/११/२१ सम्झौता बमोजिमको रकम प्रकोप ब्यबस्थापन कोष, दमकल व्यवस्थापन, आकस्मिक तथा भैपरी योजना (पुँजीगत) शिर्षकबाट खर्च लेख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ८** नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयबाट गैंडाकोट नगरपालिका वडा नं. १५ मा रहेको ब्रहम कुमारी राजयोग उपसेवा केन्द्रको सौन्दर्यकरणका लागि लाई विनियोजन भएको रु. ५ लाख बजेटमा नगरपालिकाको तर्फबाट २५ प्रतिशत म्याचिङ्ग फण्ड बापतको रकम विनियोजन गर्नुपर्ने भनी परिपत्र भए बमोजिम उक्त योजनामा नगरपालिकाको तर्फबाट रु.१,६६,६६६.६७/- बजेट लागत साझेदारीं गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** गैंडाकोट नगर क्षेत्र भित्रका जनताको स्वास्थ्यलाई मध्यनजर गरी यस नगर क्षेत्र भित्रका हाटबजारहरुमा बेचनविखन भईरहेका तरकारीहरु एवं खाद्यवस्तुहरु खाद्य प्रविधिको मापदण्ड अनुसार सञ्चालन अनुमति पत्र भए /नभएको तथा बिषादी प्रयोगको अवस्था समेतको विषयका सन्दर्भमा अनुगमन गर्ने र नियम संगत वनाउन संम्बन्धित सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको वडा कार्यालयहरुको भवन निर्माण नभएका (वडा नं. ३,५,८,१४,१७ र १८) को वडा कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि लागत साझेदारीमा गण्डकी प्रदेश सरकार एवं मन्त्रालय तथा अन्य निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** सडक विभाग,संघीय सडक सुपेरिवेक्षण तथा तथा अनुगमन कार्यालय, सडक डिभिजन भरतपुरको च.नं. २४४, मिति २०८२/०८/१९ को पत्रबाट र सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको च.नं. ३०५ मिति २०८२।०७।२५ गतेको पत्रबाट उक्त कार्यालय अन्तर्गतका आयोजनाको लागि वालुवा, गिट्टी लगायतका निर्माण सामाग्री उपलब्ध गराउन साथै उत्पादन तथा ढुवानी, अनुमती र सहजीकरणका लागि सिफारिस सहित लेखी आएको सम्बन्धमा तपशिल बमोजिमको निर्णय गरियो ।

- निर्णय नं.५ बमोजिम उपलब्ध गराउने निर्माण सामाग्री यस नगरपालिकाको वडा नं. ७ स्थित श्री रणनिति कन्स्ट्रकसन प्रा.लि.को क्रसर प्लान्टबाट उत्पादन,प्रशोधन तथा ढुवानीको लागि अनुमति प्रदान गर्ने ।
- गैंडाकोट र नारायणघाट जोड्ने नारायणी नदीमा बन्न लागेको सिग्नेचर पुल निर्माणको लागि नारायणी पुल निर्माण आयोजनाको लागि तुर्दी कन्स्ट्रकसन प्रा.लि. सानेपा, ललितपुरलाई नदीजन्य पदार्थ (ढुंगा,गिट्टी, वालुवा लगायत ) २५,३२० घन मिटर गण्डकी प्रदेश सरकारले तोकेको दररेट बमोजिमको राजश्व लिई नगरपालिकाको क्षेत्र भित्रको IEE गरेको क्षेत्रबाट उपलब्ध गराउने ।
- उल्लेखित परिमाण बमोजिमको निर्माण सामाग्रीहरु यस नगरपालिकाको वडा नं. ७ स्थित श्री रणनिति कन्स्ट्रकसन प्रा.लि.को क्रसर प्लान्टमा उत्पादन, प्रशोधन तथा आयोजनाको कार्यक्षेत्रसम्म ढुवानीको लागि अनुमति प्रदान गर्ने ।
- उपरोक्त बमोजिमको अनुमती उक्त आयोजनाहरुको अवधी भरको लागि मात्र प्रदान गर्ने । साथै यस कार्यालयको मिति २०८१।१०।२३ को पत्रबाट अस्थायी क्रसर सञ्चालन अनुमति दिदांका बखतको सम्पूर्ण शर्तहरु लागु हुनेगरी अनुमति प्रदान गर्ने ।
- उल्लेखित परिमाण बमोजिमको निर्माण सामाग्री योजनाको कार्यक्षेत्र भन्दा बाहिर ओसार पसार गरेमा सो कार्यको लागि स्वयम निर्माण व्यवसायी/ क्रसर सञ्चालक नै जिम्मेवार र कानून बमोजिम कारवाहीको भागेदार रहने व्यहोरा सुचित गर्ने ।
- उपरोक्त बमोजिमको कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट अनुगमन गर्ने ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोईराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख